# हरित तथा समावेशी उर्जा कार्यक्रम
## ग्रामीण प्रविधि केन्द्र

**२०७५**



## पृष्ठभुमी

ग्रामीण प्रविधि केन्द्र, पम्परागत प्रविधिलाई सुधार तथा विकास गरी उपभोक्तामैत्री, उपयुक्त नयाँ ग्रामीण प्रविधिहरुको प्रवर्द्धन तथा विस्तार मार्फत ग्रामीण क्षेत्रका विपन्न समुदायहरुको स्वास्थ्य तथा आर्थिक र सामाजिक जीवनस्तर अभिबृद्धिका लागि सहयोग गर्ने उद्देश्य लिइ सन् १९८९ मा स्थापना भएको राष्ट्रिय गैह्रसरकारी संस्था हो । भौगोलिक विविधताले भरिपूर्ण नेपाल जस्तो विकासशील राष्ट्रमा अति दुर्गम क्षेत्रहरुमा विद्युतिकरणका लागि राष्ट्रिय प्रशारण लाईन पुऱ्याउन नसकिएको हुँदा ती क्षेत्रहरु आवश्यक उर्जा सेवाको पहुँचबाट बञ्चित रहेकोछ । नेपालमा विभिन्न नविकरणीय उर्जाको प्रशस्त सम्भावना भएता पनि कूल उर्जा खपतको लगभग ३ प्रतिशतमा ऊर्जा नविकरणीय स्रोतबाट आपूर्ति भइरहेको छ भने कूल उर्जा खपतको करिव ८५ प्रतिशत परामपरागत जैविक उर्जा स्रोतबाट आपूर्ति भैरहेको छ । त्यसैले नेपालमा ऊर्जा माथिको परनिर्भरतालाई कम गर्न नविकरणीय ऊर्जाको उपयोगमा जोड दिन आवश्यक देखिन्छ ।

"**हरित तथा समावेशी उर्जा कार्यक्रम**, *Green and Inclusive Energy Programme (GIE)*", वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र *(AEPC)* को नीतिगत सहयोग र *ENERGIA/HIVOS, The Netherland* को आर्थिक/प्राविधिक सहयोगमा सहयोगमा संचालित ४ बर्षिय कार्यक्रम (२०१६–२०२०) हो । यस परियोजनाको उद्देश्य विपन्न, महिला, सिमान्तकृत समुदायको घरायसी/उत्पादन मुलक उर्जाको आवश्यकता परिपूर्ति गर्न विकेन्द्रिकृत उर्जा प्रणालिको बिकास तथा प्रबर्धन गर्नुका साथै, क) उपभोक्ताहरुको सुचना/क्षमता अभिबृद्धि ख) निजी क्षेत्र तथा सेवा प्रदायक संस्थाहरुको क्षमता अभिबृद्धि, ग) उर्जामा सबैको पहुँच सुनिश्चित गर्न समावेशी नीति निमार्णका लागी नीतिनिर्माता/योजनाकारहरुसँग पैरबी गर्नु रहेको छ । यसका अतिरिक्त यस कार्यक्रमले संयुक्त राष्ट्रसंघको "सबैका लागी दिगो उर्जा" अभियानमा पनि सहयोग पुऱ्याउने लक्ष्य राखेको छ । नेपालमा हाल यस कार्यक्रमले नेपाल वातावरण पत्रकार समुह, सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ, नेपाल नवीकरणीय उर्जा परिसंघ र घरेलु वायु प्रदुषण तथा स्वास्थ्य मन्च नेपाल सँगको सहकार्यमा विभिन्न कृयाकलापहरु संचालन गरिरहेको छ । कार्यक्रमले पहिलो बर्षमा काठमाडौं केन्द्रित रहेर साझेदार संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने काम गरेको थियो भने दोस्रो वर्षमा निम्न जिल्लाहरुमा कार्यक्रम गर्ने योजना रहेको छ : **गुल्मी, पाल्पा, नवलपरासी, सिन्धुली, उदयपुर र काभ्रे**




हरित तथा समावेशी उर्जा उद्घाटन कार्यक्रम

### हरित तथा समावेशी उर्जा कार्यक्रमका मुख्य उद्देश्यहरु


- पिछडिएका वर्गमा उर्जाको पहुँच पुऱ्याउने, दिगो तथा स्वच्छ उर्जाका माध्यमबाट जलवायु परिर्वतनको असरलाई न्युनिकरण गर्दै महिला, विपन्न र पिछडिएका वर्गका लागी रोजगारीका अवसरहरु जुटाई उनीहरुको सामाजिक, राजनैतिक र आर्थिक सशक्तिकरण गर्ने ।
- सबैका लागि दिगो तथा स्वच्छ ऊर्जा र खाना पकाउनका लागि सबैका लागि स्वच्छ ऊर्जा समाधानको अभियानमा सहयोग पुऱ्याउने ।


**लक्षित समुह:**

- उर्जा तथा महिला सम्बन्धि योजना र नीति निर्माणका लागि जिम्मेवार संस्थाहरु
- उपभोक्ताहरूलाई प्रतिनिधित्व गर्ने नागरीक समाज तथा सामुदायिक संघ संस्थाहरु
- साना तथा सूक्ष्म उद्यमीहरुलाई प्रतिनिधित्व गर्ने संघ संगठनहरु
- मिडिया, निजी तथा स्वास्थ्य क्षेत्र

# कार्यक्रम तथा रणनीतिहरु

- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, ऊर्जा, जल स्रोत तथा सिंचाई मन्त्रालयको नीतिगत सहयोगमा कार्यक्रमहरु सञ्चालन गर्ने।
- घरेलु तथा उद्यमशीलता क्रियाकलापहरुमा हरित उर्जा तथा लैंगिक समानता र सामाजिक समावेशीकरणका मुद्दाहरुलाई प्राथमिकीकरण गर्ने र विद्यमान कमी/कमजोरीहरुको पहिचान तथा समाधानका लागी पहल गर्ने।
- घरायसी तथा उत्पादनमुलक कार्यका लागी आवश्यक स्वच्छ उर्जा आपूर्ती र अभ्यासका लागी सरकारी संघसंस्था, नागरीक समाज र नीजि क्षेत्रसँग सहकार्य गर्ने।
- गाउँपालिका तह, प्रदेश तह तथा केन्द्रिय तहमा विभिन्न सचेतीकरणका कार्यक्रम संचालन गर्ने
- नागरीक समाज, स्थानीय सरकार र साझेदार संस्थाहरुको, घरायसी तथा उत्पादनमुलक क्षेत्रमा आवश्यक स्वच्छ उर्जा आपूर्ती गर्न (समावेशी प्रणालीबाट) ज्ञान र क्षमता अभिबृद्धि गर्ने।
- घरायसी तथा उत्पादनमुलक कामका लागि आवश्यक स्वच्छ उर्जा प्रवर्द्धन गर्न हरेक तहमा (Macro, Meso, Micro) प्रभावकारी सचेतीकरण र क्षमता अभिबृद्धि कार्यक्रम गर्ने।
- नीतिमा अनुकुल प्रभाव पार्न, घटना र प्रमाण संकलन र आवश्यक अनुसन्धान गर्ने।
- हरित तथा समावेशी उर्जाको आवश्यकता सम्वन्धमा सम्वन्धित पक्षको ध्यानाकर्षण गराउने।
- नीजि क्षेत्रलाई, नीति तथा अभ्यासमा उर्जा सम्बन्धि समाबेशी नीति निर्माण र लागु गर्न प्रोत्साहित गर्ने, साथै स्वच्छ उर्जा क्षेत्रमा लगानीका लागी अनुकुल वातावरण बनाउनका लागी पैरवी गर्ने।
- नीतिमा परेको स्थापित प्रभावहरुबारे सुचना संकलन गर्ने र प्रचार प्रसार गर्ने।
- उपभोक्ताहरुको क्षमता अभिबृद्धि गरी, सहभागीतामुलक अनुगमनमा सहभागिता बढाउन वकालत तथा पैरवी गर्ने।
- घरायसी तथा उत्पादनमुलक काममा स्वच्छ उर्जाको प्रयोगबाट स्वास्थ्यमा सुधार ल्याउन पहलहरु गर्ने ।
- मिडिया मार्फत विभिन्न खाले रेडियो तथा टिभी कार्यक्रम प्रसारण गर्ने ।
- निर्वाचित स्थानीय जनप्रतिनिधीहरु, शिक्षक तथा विद्यार्थीहरुमा हरित तथा समावेशी उर्जा विषयमा क्षमता अभिबृद्धि गर्न सचेतीकरण कार्यक्रम संचालन गर्ने ।
- वित्तिय तथा सहकारी संस्थाहरु लाई उपलब्ध उर्जाको उपयोग आयमुलक उद्यम व्यवसाय संचालनका लागी प्रोत्साहित र लगानी जुटाउन सहजीकरण गर्ने
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय /स्वास्थ्य सेवा विभाग/महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय/स्थानीय निकायलाई घर भित्रको धुवाँ र यसले स्वास्थ्यमा पार्ने असरबारे सचेत गराउने, साथै घरभित्रको धुवाँ र यसले स्वास्थ्यमा पार्ने प्रतिकुल असरबारे समुदाय स्तरमा सचेत गराउन स्वास्थ्यकर्मी, सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरु परिचालन गराउन वकालत तथा पैरवी गर्ने।
- उर्जामा आधारित उद्यम/व्यवसायमा लगानी अभिबृद्धिका लागी वित्तिय संघसंस्थाहरु सँग पैरवी गर्ने।









**ग्रामीण प्रविधि केन्द्र**
भनीमण्डल, ललितपुर
वेबसाईट : www.crtnepal.org, ईमेल : info@crtnepal.org
टेलीफोन नम्बर : +977-1-5530071